आज मिति २०८२ साल असोज २७ गते सोमवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | इसदस्य | श्री शान्ति राई | शान्ति राई |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २० | इन्जिनयर | श्री विपन सुवेदी | |

प्रमुख प्रशासकीय अधिकृत
२०८२/६/२६

अशोक राई
अध्यक्ष
०८२/६/२६

**प्रस्तावहरु**

१. आधारभूत अस्पताल निर्माणको म्याद थप सम्वन्धमा
२. गाउँपालिका प्रशासनीक भवनको म्याद थप सम्वन्धमा
३. आमचोक वडा नं १० को वडा कार्यालय भवन निर्माणको म्याद थप सम्वन्धमा
४. आमचोक गाउँपालिकाको वस्तुगत विवरण तयारीको कार्यविवरण स्वीकृती तथा परामर्श सेवा छनौटको लागि सूचना प्रकाशन सम्वन्धमा
५. नागरिक उपचार कोष सहयोग अनुदान सम्वन्धमा
६. कर्मचारीहरुको पदस्थापना सम्वन्धमा

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल भई यस कार्यालयको स्वीकृत कार्यक्रम अन्तर्गत Construction of Aamchowk Aadharbhut Aspatal (ARM/NCB/WORKS/05/2077-78) को निर्माण कार्यको लागि यस कार्यालय र श्री सगरमाथा घिमिरे निर्माण सेवा,खोटाङ्ग वीच उक्त निर्माण कार्य मिति २०७८/०३/२५ मा सम्झौता भई २०८०/०२/२० भित्र सम्पन्न हुने गरी कार्यदेश दिइएको तर उक्त निर्माण कार्यको सुरुवातमा कोभिड-१९(CORONA VIRUS) माहामारिको कारण सामाग्रि ढुवानिमा समस्या आएको र कोभिड-१९ को कारण आवश्यक कामदार अभावका कारणले गर्दा समयमा निर्माण कार्य सुरु हुन नसकेकोले २०८१/०२/२० सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी पहिलो पल्ट म्याद थप भएको तर उक्त कार्य सुरु गर्नकालागि अस्पताल निर्माणस्थलमा भौगोलिक समस्याका कारण समयमा निर्माण कार्य सुरु हुन नसकेको हुदा उक्त कार्य तोकिएको समयमा सम्पन्न हुन नसकेकोले पुनः २०८२/०२/२० गते सम्म गर्नेगरी दोस्रो पटक म्याद थप भएको तर भवन निर्माण गर्ने क्रममा फिल्डमा साईज नमिलि पुनः स्वीकृति लिनका लागी लगभग ६ महिना समय लागेको, वर्षात र भौगोलिक विकटताका कारण, देशमा भएको चरम आर्थिक संकट का कारणले निर्माण कार्य द्रुत गतिमा अगाडी बढ़ाउन नसकेकोले दोस्रो पटक भएको म्याद थपमा समेत निर्माण कार्य सम्पन्न गर्न नसकेको भनि निर्माण व्यवसायीले पेश गरेको निवेदनमा तेस्रो म्याद थपको लागि थप नियमानुसार म्याद थप गर्न माग गरेको र सार्वजनिक खरीद नियमावली २०६४ (चौधौ संशोधन २०८२) को नियम १२० अनुसार जाँचबुझ गर्दा उक्त निवेदन म्याद सकिन भन्दा २१ दिन अगाडीकै मितिमा पेश भएको साथै निर्माण व्यवसायी र यस कार्यालयले काबु बाहिरको परिस्थितिले गर्दा कार्य सम्पन्न गर्न नसकिएको हुँदा मिति २०८२/०२/२० देखि २०८३/०२/२० सम्म सार्वजनिक खरीद नियमावली २०६४ (चौधौ संशोधन २०८२) अनुसार म्याद थप गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल भई यस कार्यालयको स्वीकृत कार्यक्रम अन्तर्गत Construction of Aamchowk Rural Municipality Administrative Building (ARM/NCB/WORKS/01/2079-80) को निर्माण कार्यको लागि यस कार्यालय र श्री महतो/ईम्पेरियल/चेतना जेभि धनुषा वीच उक्त निर्माण कार्य मिति २०८०/०२/१६ मा सम्झौता भई २०८२/०२/१० भित्र सम्पन्न हुने गरी कार्यादेश दिइएको तर भवन निर्माण गर्ने क्रममा भवन निर्माण हुने निर्माणस्थल भन्दा केही माथिबाट पहिरो झर्ने जमिन भासिने भएकोले उक्त पहिरो रोकथाम तथा पहिरो फाल्ने कार्य गर्नु परेकोले निर्माण कार्य सुरू गर्न गरिब एक बर्ष ढिला भई निर्माण कार्य द्रुत गतिमा अगाडी बढ़ाउन नसकेकोले निर्माण कार्य सम्पन्न गर्न नसकेको भनि निर्माण व्यवसायीले पेश गरेको निवेदनमा पहिलो म्याद थपको लागि नियमानुसार माग गरेको र सार्वजनिक खरीद नियमावली २०६४ (चौधौ संशोधन २०८२) को

नियम १२० अनुसार जाँचबुझ गर्दा उक्त निवेदन म्याद सकिन भन्दा २१ दिन अगाडीकै मितिमा पेश भएको साथै निर्माण व्यवसायी र यस कार्यालयले काबु बाहिरको परिस्थितिले गर्दा कार्य सम्पन्न गर्न नसकिएको हुँदा मिति २०८२/०२/१० देखि २०८३/०२/१० सम्म सार्वजनिक खरीद नियमावली २०६४ (चौधौ संशोधन २०८२) अनुसार म्याद थप गर्ने ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल भई यस कार्यालयको स्वीकृत कार्यक्रम अन्तर्गत Construction of Ward Office Building (ARM/NCB/WORKS/03/2080-081) को निर्माण कार्यको लागि यस कार्यालय र श्री भिषणहाङ्ग कन्स्ट्रक्सन प्रा ली भोजपुर वीच उक्त निर्माण कार्य मिति २०८१/०३/१० मा सम्झौता भई २०८२/०३/१० भित्र सम्पन्न हुने गरी कार्यदेश दिइएको तर अनुमानित समय अगावै मनसुन सक्रिय भई बाढी पहिरोको कारण निर्माण सामाग्री ढुवानीमा समस्या भई निर्माण सामाग्री अभाव भएको हुदा निर्माण कार्य द्रुत गतिमा अगाडी बढाउन नसकेकोले निर्माण कार्य सम्पन्न गर्न नसकेको भनि निर्माण व्यवसायीले पेश गरेको निवेदनमा पहिलो म्याद थपको लागि नियमानुसार माग गरेको र सार्वजनिक खरीद नियमावली २०६४ (चौधौ संशोधन २०८२) को नियम १२० अनुसार जाँचबुझ गर्दा उक्त निवेदन म्याद सकिन भन्दा २१ दिन अगाडीकै मितिमा पेश भएको साथै निर्माण व्यवसायी र यस कार्यालयले काबु बाहिरको परिस्थितिले गर्दा कार्य सम्पन्न गर्न नसकिएको हुँदा मिति २०८२/०३/१० देखि २०८२/०९/१० सम्म सार्वजनिक खरीद नियमावली २०६४ (चौधौ संशोधन २०८२) अनुसार म्याद थप गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल भई आमचोक गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने कार्यको रु.१५,००,०००।(अक्षेरुपी पन्ध्रलाख) को लागत अनुमान स्वीकृत गर्ने साथै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ६९ वमोजिम वस्तुगत विवरण तयारीको कार्यविवरण ( TOR) स्वीकृत गरी वस्तुगत विवरण तयारी गर्न सार्वजनिक खरिद ऐन २०६३ को उपदफा ८ (ख) (१) वमोजिम परामर्श सेवा छनौटको लागि ३० दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं.५ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को दफा ९ को उपदफा (१) वमोजिम पालिकास्तरीय सिफारिस समितिद्वारा उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००/१०००००। गरि जम्मा रु.३०००००।(अक्षेरुपी तीनलाख मात्र) उपलव्ध गराउने ।

तपशिल

| क्र.सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरिक्ता प्रमाण पत्र नम्वर वा जन्म दर्ता नम्वर | रोगको नाम | रोग पत्ता लागि उपचार भएकोउपचाररत रहेको / अस्पताल |
|---|---|---|---|---|---|
| १ | सिताराम खडका ,६५ बर्ष, पुरुष | आमचोक-२ | ना.प्र.प.नं. २१५७-७०३९ | cancer | मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, महाराजगंज, काठमाण्डौं |
| २ | भिम बहादुर राई ,८० बर्ष ,पुरुष | आमचोक-६ | ना.प्र.प.नं. २२४६/३१४४ | Cancer | बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन । |
| ३ | विना मगर ,४४ बर्ष , महिला | आमचोक-६ | ना.प्र.प.नं. ०९३०५६/२४१ | Cancer | बिराट मेडिकल कलेज टिचिङ अस्पताल, मोरङ |

प्रमुख प्रशासकीय अधिकृत
२०८२/६/२६



आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०८२/६/२६
अशोक राई
अध्यक्ष

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल भई यस गाउँपालिकामा प्रदेश लोकसेवा आयोगवाट सिफारिस भई आएका प्रशासन तथा प्राविधिक कर्मचारीहरु र यस गाउँपालिकमा कार्यरत कर्मचारीहरुलाई तपशिल वमोजिमको जिम्मेवारी तोक्ने ।

<u>तपशिल</u>

| सि.न. | नाम | पद | कार्यरत | पदस्थापना |
|---|---|---|---|---|
| १. | श्री सेन्मुहाङ राई | सव-इन्जिनियर(पाँचौ) | रोजगार र थप वडा प्राविधिक वडा नं ६ | रोजगार र थप वडा प्राविधिक वडा नं ३ |
| २. | श्री मिन विष्ट | असिस्टेन्ट सव इन्जिनियर (चौथो) | वडा सचिव वडा नं ८ र वडा प्राविधिक वडा नं ८ र ९ | वडा प्राविधिक वडा नं ८ |
| ३. | श्री नविन शाही | कृषि प्राविधिक सहायक (पाँचौ) | गाउँपालिकाको कृषि शाखा | वडा नं ९ मा हाजिर र थप ८ र १० थप काम (कृषि) |
| ४. | श्री प्रशान्त आचार्य | ना.प्र.स.पशु (चौथो) | वडा सचिव वडा नं ७ र ६ | वडा नं ७ मा हाजिर र थप ५ र ६ थप काम (पशु) |
| ५. | श्री भुवन डाँगी | कृषि नायव प्राविधिक सहायक (चौथो) | वडा सचिव वडा नं ३ | वडा नं ६ मा हाजिर र थप ५ र ७ थप काम(कृषि) |
| ६. | श्री गोपाल रम्तेल | सव इन्जिनियर(पाँचौ) | वडा प्राविधिक ५ र ७ | वडा प्राविधिक ५ |
| ७. | श्री हेमराज विष्ट | अहेव (पाँचौ) | वडा सचिव वडा नं ४ | थिदिखा स्वास्थ्य चौकी वडा नं ३ |
| ८. | श्री द्वारिका गणेश | हे अ (चौथो) | थिदिखा स्वास्थ्य चौकी | वडा नं ६ देवानटार स्वास्थ्य चौकी काज |
| ९. | श्री केशब कुमार चौधरी | हे अ (पाँचौ) | वडा सचिव वडा नं -१० | पाङ्चा स्वास्थ्य चौकी वडा नं १० |
| १०. | श्री लिला भक्त ओझा | सव इन्जिनियर(पाँचौ) | सिफारिस भइ आएका | वडा प्राविधिक वडा नं ६ र ७ |
| ११. | श्री अनिस लुइटेल | सव इन्जिनियर(पाँचौ) | सिफारिस भइ आएका | वडा प्राविधिक वडा नं १.र २ |
| १२. | श्री कमल जिरेल | सव इन्जिनियर(पाँचौ) | सिफारिस भइ आएका | वडा प्राविधिक वडा नं ९ |
| १३. | श्री सुरजमणि अधिकारी | प्रशासन सहायक(पाँचौ) | सिफारिस भइ आएका | वडा सचिव वडा नं ६ |
| १४. | श्री ज्ञानदिप राई | प्रशासन सहायक(पाँचौ) | सिफारिस भइ आएका | वडा सचिव वडा नं ८ |
| १५. | श्री सरोज घिमिरे | प्रशासन सहायक(पाँचौ) | सिफारिस भइ आएका | वडा सचिव वडा नं १० |
| १६. | श्री कल्पना दाहाल | प्रशासन सहायक(पाँचौ) | सिफारिस भइ आएका | वडा सचिव वडा नं ४ |
| १७. | श्री सोमनाथ पौड्ल | प्रशासन सहायक(पाँचौ) | सिफारिस भइ आएका | वडा सचिव वडा नं ३ |
| १८. | श्री चन्द्र वहादुर वानिया | प्रशासन सहायक(चौथो) | सिफारिस भइ आएका | वडा सचिव वडा नं ७ |

प्रमुख प्रशासकीय अधिकृत
२०८२/६/२८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८२/६/२८
अशोक राई
अध्यक्ष